केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०३/०६८/६९ मिति: २०६८/०४/१९

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. विदेशी लगानीकर्ताले नेपालभित्र लगानी गरी आर्जन गरेका लाभांश रकम सम्बन्धित देशको सरकारी निकाय वा केन्द्रीय बैंकको सहमतीमा बैंक तथा वित्तीय संस्थामा मुद्दती खाता खोली जम्मा गर्न सक्ने र सो निक्षेप तथा निक्षेपबाट आर्जित ब्याजको रिप्याट्रीयसन देहायको शर्तमा विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति लिएर मात्र गर्न पाउने व्यवस्था कायम गरिएको छ :-

शर्तहरु:

*१. विनिमय दर, ब्याजदर, लगायतका कुनै पनि जोखिम सम्बन्धित लगानीकर्ताले नै बहन गर्नु पर्ने ।*

*२. यस्तो मुद्दती निक्षेपको अवधि कम्तिमा १ वर्षको हुनु पर्ने र त्यस्तो निक्षेपको धितोमा कुनै किसिमको कर्जा लिन नपाउने ।*

*३. यस्तो निक्षेप खाता खोल्नु अघि यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागको पूर्व स्वीकृति लिनु पर्ने ।*

*४. यस्तो निक्षेप तथा ब्याजको अर्धवार्षिक विवरण यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागमा पेश गर्नु पर्ने ।*

२. यस बैकबाट जारी गरिएको एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. ३ को देहायका बुँदाहरुमा देहाय बमोजिम संशोधन गरिएको छ :-

(१). बुँदा नं. १ को खण्ड (१) को पहिलो अनुच्छेदमा उल्लिखित व्यहोराको सट्टा देहाय बमोजिमको व्यहोरा कायम गरिएको छ :

***इजाजतपत्रप्राप्त संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई कोषमा आधारित (Fund Based) र गैरकोषमा आधारित (Non-Fund Based) सुविधाहरु समेत गरी आफ्नो प्राथमिक पुँजीको बढीमा २५ प्रतिशतसम्म प्रदान गर्न सक्नेछन् ।***

(२). बुँदा नं. २ लाई देहाय बमोजिम परिमार्जन गरिएको छ :-

*२. जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन (Transmission Line) र केवलकार निर्माण परियोजनामा कर्जा प्रवाह गर्ने सम्बन्धमा:*

*(क) इजाजतपत्रप्राप्त संस्थाहरुले जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन (Transmission Line) र*

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

*केवलकार निर्माण परियोजनामा कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा प्राथमिक पुँजीको बढीमा ५० प्रतिशतसम्म प्रवाह गर्न सक्ने छन् ।*
*तर, जलविद्युत परियोजनाको हकमा प्राथमिक पुँजीको २५ प्रतिशतभन्दा बढी कर्जा प्रवाह गर्नु पर्ने अवस्थामा सम्बन्धित निकायसँग अनिवार्य रुपमा विद्युत खरिद सम्झौता **(Power Purchase Agreement)** भएको हुनु पर्नेछ ।*

(३). बुँदा नं. २ को खण्ड (ग) मा उल्लिखित व्यहोरा मध्ये दोस्रो हरफलाई निर्देशन नं २ को बुँदा नं ४ मा समावेश गर्ने गरी देहाय बमोजिम परिमार्जन गरिएको छ :-

*(ग) परियोजना विश्लेषण गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तय गरेको **Moratorium Period** अथवा त्यस्तो परियोजनाबाट विद्युत उत्पादन हुने समयमध्ये जुन समय अगाडि हुन्छ सोही मितिबाट किस्ता असुल गर्नु पर्नेछ ।*

३. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. २ को बुँदा नं ४ मा उल्लिखित व्यहोरा पछि देहायको व्यवस्था थप गरिएको छ :-

*जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन **(Transmission Line)** र केवलकार निर्माण परियोजना कर्जाको कुनै किस्ताले भाका नाघेमा ९० दिनसम्म असल कर्जाको रुपमा १ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ र ९० दिनभन्दा बढीले भाका नाघेमा त्यस्तो किस्ता रकमलाई खराव वर्गमा वर्गीकरण गरी किस्ताको शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।*

४. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. ३ को बुँदा नं २ को खण्ड (घ) मा उल्लिखित व्यहोरालाई हटाई निर्देशन नं. ८ को बुँदा नं ३ को खण्ड (५) पछि देहाय बमोजिमको परिमार्जित व्यहोराको खण्ड (६) थप गरिएको छ :-

*(६) बैंक तथा वित्तीय संस्थाले जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन **(Transmission Line)** र केवलकार निर्माण परियोजना सञ्चालन गर्न स्थापित तर धितोपत्र विनिमय बजारमा सूचीकृत भइनसकेका पब्लिक लिमिटेड कम्पनीको धितोपत्रमा लगानी गरेको रकम लगानी गरेको मितिले तीन वर्षभित्र उक्त धितोपत्र सूचीकृत नभएमा लगानी भए बराबरको सम्पूर्ण रकम लगानी समायोजन कोष खडा गरी सो कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त धितोपत्र सूचीकृत नभएसम्म अन्य कुनै पनि प्रयोजनको लागि उपयोग गर्न पाइने छैन ।*

५. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. १९ को बुँदा नं. ५ मा उल्लिखित व्यहोरा पछि देहाय बमोजिमको व्यहोरा थप गरिएको छः-

*यस प्रयोजनको लागि कुनै निक्षेपकर्ताले स्वःघोषणा गर्दा त्यस्तो रकम आतंकवाद, लागु पदार्थको कारोवार, मानव बेचविखन र संगठित अपराध लगायतका अवैध स्रोतबाट आर्जन भएको होइन भनी स्वःघोषणा गरेमा समेत मान्य हुनेछ ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

६. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. १७ (विपन्न वर्गमा प्रवाह गर्नु पर्ने कर्जा सम्बन्धी व्यवस्था) को बुँदा नं १८ पछि देहायको व्यहोरा थप गरिएको छ :-
*तर तरलता व्यवस्थापन सम्बन्धी पुनरकर्जा वा अन्तिम ऋणदाता सम्बन्धी सुविधा उपयोग गर्ने इजाजतपत्र प्राप्त संस्थाको हकमा सो कर्जा/सुविधा प्राप्त गरेको मिति देखि विपन्न वर्ग कर्जा प्रवाह नगरेको कारणले सो कर्जाको सीमा नपुगी लाग्ने हर्जानामा उल्लिखित तरलता व्यवस्थापन सम्बन्धी पुनरकर्जा वा अन्तिम ऋणदाता सुविधा कायम रहेसम्म छुट प्रदान गरिएको छ ।*

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१२. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।